खत्याड गाउँपालिका

स्थानीय राजपत्र

खत्याड गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ८　　संख्याः २　　मितिः२०८२।०३।३१

भाग-२

खत्याड गाउँपालिका

नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानिय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खत्याड गाउँ कार्यपालिकाको ९८ औ बैठकले "एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" स्वीकृत गरेको छ ।

आज्ञाले,

चेतन कुमार खत्री

प्रमुख प्रशासकीय अधिकृत

खत्याड गाउँपालिका

प्रस्तावना : खत्याड गाउँपालिका भित्र खास गरी स्वास्थ्य सेवाको पहुँच बाट टाढा रहेका स्थानीय बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी खत्याड गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(ख) यो कार्यविधि खत्याड गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले खत्याड गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सेवाशुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(च) “समिति” भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(छ) “सेवा” भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

परिच्छेद २

एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति : (१) एम्बुलेन्स सेवाको सञ्चालन, व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँ सभाका कम्तिमा एक महिला सदस्य सहित २ जना - सदस्य

(घ) स्वास्थ्य चौकी रहेको व्यवस्थापन समितिको अध्यक्ष ज्यूहरु - सदस्य

(ङ) प्रतिनिधि, नागरिक समाज - सदस्य

(च) स्वास्थ्य समितिको संयोजक - सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । सामान्यतया एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगी पुनरावलोकन गर्न नपाइने ।

(ङ) सरोकारवाला तथा अन्य सङ्घ संस्थाहरु वीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने,

(च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसूची बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण सहितको प्रतिवेदन प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

परिच्छेद ३

सेवा शुल्क र विविध

५. सेवा शुल्क सम्बन्धी व्यवस्था : (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा

बुझाउनु पर्नेछ । एम्बुलेन्स पहिलो पटक संचालन भएको हकमा बैठक बसी तोकिए बमोजिमको भाडा भुक्तानी गर्नु पर्नेछ,

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि सम्वन्धित भण्डार शाखाबाट नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता भण्डार शाखामा राखीने छ ।

(४) सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित राजश्व शाखाको हुनेछ ।

(५) एम्बुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरी सवारी लगवुक राख्नु पर्ने छ । लगबुक भर्ने जिम्मेवारी एम्वुलेन्स चालकको रहनेछ भने सोको प्रमाणित गर्ने जिम्मेवारी सम्वन्धित स्वास्थ्य शाखा प्रमुखको हुनेछ ।

(६) चालकको नियुक्ति र सेवा सुविधा : (१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँ कार्यपालिकाको स्वीकृतिमा सम्वन्धित गाउँ कार्यपालिकाको कार्यालयले नेपाल सरकारको एम्बुलेन्स सेवा संचालन सम्बन्धि निर्देशिका बमोजिम योग्यता पुगेको एक जना चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

तर, स्वास्थ्य चौकीबाट नियुक्ति भएको एम्बुलेन्स चालकलाई निरन्तरता दिन बाधा पर्ने छैन ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. ५ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बापतको रकम यसै कार्यविधि बमोजिम गाउँपालिकाबाट वेहोरिने छ ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ ।

(५) एम्बुलेन्स चालकले अनिवार्य रुपमा अनुसूची (३) बमोजिमको प्रतिबद्धता पत्र भर्नु पर्ने छ।

(७) एम्बुलेन्स रहने स्थान र सोको मर्मत सम्भार : (१) एम्बुलेन्स गाउँपालिकाको कार्यालय हातामा रहनेछ।

(२) प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

८ . विविध : (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (४) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिशमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(४) ७० बर्ष माथिका ज्येष्ठ नागरिक, आकस्मीक बिरामी भएका गर्भवती महिला, क र ख वर्गका अपाङ्गता भएका बिरामीहरुको लागि अनुसूची १ बमोजिमको सेवा शुल्कमा ५० प्रतिशत छुट दिन सकिनेछ ।

अनुसूची १

(कार्यविधिको दफा (५) संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

सि.नं.	देखि	हुदै	सम्म	दररेट (रु.)	कैफियत

१	रामतडी	हुदै	रातापानी	१०००	
२	रामतडी	रानाकोट	माझ्कचौर	१०००	
३	रामतडी	रोल, सैन	माझ्कचौर	१५००	
४	रामतडी	सेरी, जाम	माझ्कचौर	१५००	
५	रामतडी	मसाने	माझ्कचौर	२०००	
६	रामतडी	कवा	माझ्कचौर	१५००	
७	रामतडी	खमाले	माझ्कचौर	२०००	
८	रामतडी	तारापानी	माझ्कचौर	२५००	
९	रामतडी	छोटे, चाकपाडे	माझ्कचौर	३०००	
१०	रामतडी	मसाड्ना	रातापानी	१०००	
११	रामतडी	विरा	रातापानी	१०००	
१२	रामतडी	आम	रातापानी	५००	
१३	रामतडी	सुकाढिक	रातापानी	१०००	
१४	रामतडी	झुगला	रातापानी	१२००	
१५	रामतडी	गम्था	माझ्कचौर	१०००	
१६	रामतडी	लाम्रु	रातापानी	१०००	
१७	रामतडी	जामिर	रातापानी	२०००	
१८	रामतडी	नखर्जि	रातापानी	२०००	
१९	रामतडी	पिलिचौर	सुर्खेत	३००००	
२०	रामतडी	पिलिचौर	नेपालगंज	३५०००	
२१	रामतडी	गोठीज्युला	गमगढी	२००००	

२२	रामतडी	गोठिज्युला	जुम्ला	२००००	
२३	रामतडी	खमाले	गोठिज्युला	१००००	
२४	रामतडी	रातापानी	धुलाचौर	३०००	
२५	रामतडी	धुलाचौर	पिलिचौर	५०००	
२६	रामतडी	जिउका, हिगोटी	माझचौर	२५००	
२७	रामतडी	ह्याङ्लु	रातापानी	२५००	

नोटः १) सि.नं. १ बाहेक रामतडी देखि माथि ठाउँरुबाट माझचौर सम्मको भाडा माथि उल्लेखित बमोजिम हुनेछ तर माझचौर देखि रातापानी सम्म थप रु. १००० जोडि लगिनेछ, साथै रामतडी देखि रातापानी बिचको स्थानको भाडा सि.नं. १ बमोजिम लाग्नेछ। जिल्ला बाहिरको हकमा सि.नं. १ को रकम जोडिने छैन र नयाँ ठाउँमा पहिलो पटकको लागि एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले तोके बमोजिम हुनेछ ।

२) उल्लेखित दरमा तेल र विभिन्न करको रकम समावेश गरिने छ ।

३) दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ ।

४) एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगाबै कार्यालयमा बुझाउनु पर्नेछ ।

अनुसूची २

(कार्यविधिको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्च स्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुर्‍याउनु पर्ने,

११. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनुपर्ने,

१२ नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने । सवारी चालकले निम्न अनुसारको प्रतिवद्धता समेत गर्नु पर्नेछ ।

ख्याल्डुंगा गाउँपालिका

अनुसूची ३

(कार्यविधिको दफा ६ को उपदफा (५) सँग सम्बन्धीत)

प्रतिवद्धता पत्र

म .... (नाम) ....ठेगाना ....ना.प्र.प.नं. ....-........................जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. .... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । मुगु जिल्ला खत्याड गाउँपालिकाबाट .... स्वास्थ्य चौकीलाई व्यवस्थापनको जिम्मा दिइएको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको :

दस्तखत :

नाम :

मिति :

रोहबरमा प्रमाणित गर्ने व्यक्तिको :

दस्तखत :

नाम/पद :

मिति :

संस्थाको छाप :

अनुसूची-४

(कार्यविधिको दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

“ख” वर्गको (Basic Life Support (BLS) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको जनशक्तिको विवरण

- All Emergency Equipments
- Stethoscope
- B.P. Apparatus
- Torchlight
- Tongue Depressor
- IV drips
- ECG Monitor with oxygen monitor
- Intubation set
- Various intubation tubes and laryngeal tubes
- Ambu bag
- Nebulizer set
- Manual suction set
- Cervical collars
- CPR board
- Oxygen supply
- OB kit
- Splints
- Catheterizations sets Other:
- Washing equipments
- Wheel chair and trolley
- Redio communication Tablet with 4G connectivity **Staffs:**
- Ambulance driver with firs aid trainings

- EMT

  अन्य वर्गको (Basic Life Support (BLS) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको जनशक्तिको हकमा तोकिए बमोजिम हुनेछ ।

प्रमाणित प्रतिलिपि